दक्षिणकाली नगरपालिका दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको दक्षिणकाली, काठमाडौं २०७६

ठेक्काका शर्तहरु:-

१. बोलपत्र खरिद अवधि:- मिति २०८१/०५/२५ गते मंगलबार देखि २०८१/०६/०२ गते बुधबार ११:०० बजे सम्म हुनेछ।

२. बोलपत्र बुझाउने मिति:- बोलपत्र खरिद भएको मिति देखि २०८१/०६/०२ गते बुधबार दिनको १२:०० बजे सम्म हुनेछ।

३. बोलपत्र खोलिने मिति र समय:- मिति २०८१/०६/०२ गते बुधबार दिनको १:०० बजे देखि।

४. बोलपत्र खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ।

५.बोलपत्र खरिद तथा दाखिला गर्दा पेश गर्नुपर्ने कागजपत्रहरु:-

क) बोलपत्र फारम खरिद गर्दा-

- सम्बन्धित फर्मको दर्ता प्रमाण पत्रको प्रतिलिपि।
- प्यान/भ्याट दर्ताको प्रमाण पत्रको प्रतिलिपि। (भ्याटमा दर्ता नभएका फर्मले सम्झौता गर्दा अनिवार्य रुपमा भ्याटमा दर्ता भएको प्रमाण पत्र पेश गर्नु पर्नेछ।)
- आ.व.०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
- नागरिकता/परिचय खुल्ने कागजको प्रतिलिपि।

ख) बोलपत्र फारम दाखिला गर्दा:-

- फर्म दर्ता/नविकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि।
- प्यान दर्ता/मुल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि।
- आ.व.०७९/०८० को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
- कबोल अंकको ५% (पाँच प्रतिशत) हुन आउने रकममा १३% मु.अ.कर थप गरी बैकमा जम्मा गरेको सक्कल भौचर।
- कालोसूचिमा नपरेको स्व:घोषणा पत्र।

६. बोलपत्र खरिद तथा पेश गर्न बोलपत्र दाता वा फर्मको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारिक दस्तखत फर्मको छाप सहितको अख्तियारनामा दिइ प्रतिनिधि खटाउन सकिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।

७. बोलपत्र फारम साथ धरौटी वापत कवोल अंकको ५% (पाँच प्रतिशत) हुन आउने रकममा १३% मु.अ.कर थप गरि यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ्गको धरौटी खाता नं १२००१००००१३०२००१ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत पेश गर्नुपर्नेछ।

८. बोलपत्र दाताले पेश गर्दा खामलाई सिलबन्दी गरी खामको बाहिर एकातर्फ बोलपत्र पेश गर्ने फर्मको नाम, ठेगाना, सम्पर्क नं र अर्को तर्फ ठेक्काको नाम तथा यस कार्यालयको नाम (दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समिति) स्पष्टसंग लेख्नु पर्नेछ। साथै बोलपत्र साथ पेश भएका सम्पूर्ण कागजातहरु बोलपत्र दाताद्वारा प्रमाणित हुनुपर्नेछ।

